बैठकले सुनसरी, सिराहा, सर्लाही, बारा, पर्सा, नवलपरासीलगायतका जिल्लाहरुमा उखुको रकम भुक्तानी नगरेको भनी उजुरी परेकोमा प्रमुख जिल्ला अधिकारीले उद्योगीहरुलाई बोलाइ छलफल गरी तत्काल कृषकको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ।

# विगतका सम्झौता कार्यान्वयन गर्न भ्रमण : प्रधानमन्त्री ओली

नेपाल समाचारपत्र

काठमाडौं

आफ्नो अघिल्लो कार्यकालमा भएका सहमति/सम्झौता कार्यान्वयनमा चीन भ्रमण केन्द्रित हुने प्रधानमन्त्री केपी शर्मा ओलीले बताउनुभएको छ। यस पटकको चीन भ्रमणमा विकासका एजेन्डा प्राथमिकतामा रहने उहाँको भनाइ छ।

चिनियाँ समकक्षी ली खछ्याङको औपचारिक निमन्त्रणामा प्रधानमन्त्री ओली आज मंगलबार चीन भ्रमणमा जाँदै हुनुहुन्छ। भ्रमणका क्रममा उहाँले चिनियाँ राष्ट्रपति सी जीनपीङसहित समकक्षी लीसँग छुटाछुट्टै शिष्टाचार भेटवार्ता गर्ने कार्यतालिका तय भएको छ। सोमबार आफ्नो भ्रमणबारे संसद्लाई जानकारी गराउँदै ओलीले नेपालको विकास निर्माण, आर्थिक सहयोग र व्यापार प्रवर्द्धनलगायतका विषयमा समकक्षी लि खछ्याङसँग छलफल हुने बताउनुभयो।



भ्रमणका क्रममा राष्ट्रपति सीसँग भेटवार्ता हुने बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'सीसँगको भेटवार्ताका क्रममा मैले नेपालका हित र दृष्टिकोण राख्नेछु, नेपाल चीन सम्बन्ध कसरी सुदृढ गर्न सकिन्छ भन्ने कुरा राख्नेछु।' चिनियाँ अन्य नेताहरूसँगको भेटमा नेपालको व्यापार घाटा कम गर्ने, वेल्ट एन्ड रोड परियोजनाअन्तर्गत पूर्वाधार विकास, रेल, सडक निर्माण र जलविद्युत् आयोजना कार्यान्वयनमा सहयोग जुटाउने बारेमा छलफल हुने उहाँको भनाइ छ। प्रधानमन्त्री ओलीले भन्नुभयो- 'मुलुकको बृहत्तर हित, राष्ट्रिय स्वभिमानलाई केन्द्रमा राखेर नेपालको आवश्यकता र प्राथमिकतालाई ध्यानमा राखेर द्विपक्षीयबीच सम्झौता र छलफल गरिनेछ।' चीनसँगका सम्झौता कार्यान्वयनका लागि दुवै मुलुकका अधिकारी संलग्न रहने गरी परराष्ट्र मन्त्रालयस्तरमा छुट्टै संयन्त्र निर्माण गर्ने बारेमा सरकारले निर्णय गरिसकेको छ।

प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकाल २०७२ चैतमा भएको चीन भ्रमणका क्रममा १० बुँदे सम्झौता भएको थियो। सो बेला पारवहन, पोखरा विमानस्थल निर्माणमा सहयोग, ग्यास तथा पेट्रोलियम अन्वेषण र भण्डारण स्थल निर्माण, स्वतन्त्र व्यापार, हिल्सामा पुल निर्माण, ३२ हजार घरधुरीलाई सोलार प्लान्ट जडानलगायतका विषयमा द्विपक्षीय सम्झौता भएको थियो। चिनियाँ बेल्ट एन्ड रोड इनिसिएटिभ्स् (वीआरआई), कनेक्टीभिटी, हवाई, रेलमार्ग, तातोपानीसहित अन्य नाका खुलाउने बारेमा द्विपक्षीय समझदारी हुने प्रधानमन्त्री ओलीले जानकारी दिनुभयो।

# प्रधानसेनापतिको अनादरको विषयमा संघले माग्यो माफी

भक्तपुर, (नेस)

नेपाल तेक्वान्दो संघ प्रदेश नं. ३ ले भक्तपुरमा आयोजना गरेको ३ नम्बर प्रदेशस्तरीय प्रथम तेक्वान्दो प्रतियोगिताका सम्बन्धमा लिएर विवाद उत्पन्न भएपछि प्रधानसेनापति राजेन्द्र क्षेत्रीसँग संघले माफी मागेको छ। संघले प्रेस विज्ञप्ती जारी गर्दै प्रधानसेनापति क्षेत्रीको मर्यादामा आँच आउने गरी संघले कुनै पनि कार्यक्रम नगर्ने प्रतिबद्धता व्यक्त गर्दै माफी मागेको हो।

भक्तपुरमा गत शनिबार सम्पन्न प्रतियोगिताका प्रमुख अतिथि रहनुभएका प्रधानसेनापति क्षेत्रीको नाम र हस्ताक्षर नै नराखी प्रमाणपत्र वितरण गरिएको सन्दर्भमा विवाद उत्पन्न भएपछि संघका अध्यक्ष केशव पुरीले विज्ञप्ती जारी गर्दै माफी माग्नुभएको हो।

अध्यक्ष पुरीले भन्नुभयो- 'प्रधानसेनापतिको पदीय मर्यादामा आँच आउने र उहाँप्रति अनादर हुने गरी संघले कुनै काम गरेको छैन, आगामी दिनमा पनि गर्दैनौं, कार्यक्रममा उहाँ ढिलो आउने तर प्रमाणपत्र छिटो दिनुपर्ने भएपछि प्रमाणपत्रमा उहाँको नाम नराखिएको हो, अनादर गरिएको होइन।'

आगामी दिनमा संघले कुनै पनि गल्ती नगर्ने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष पुरीले भन्नुभयो- 'कार्यक्रममा प्रधानसेनापति राजेन्द्र क्षेत्रीमा पर्न गएको असहजताप्रति संघले क्षमायाचना गर्छ, उहाँमा कुनै अपमान, अनादर गरेको भन्ने कुरामा सत्यता छैन, यद्यपि उहाँप्रति परेको समस्याप्रति हामी माफी माग्दछौं।' खेलकुदको क्षेत्रमा प्रधानसेनापतिको सहयोग, हौसला र साथ सधैं नै रहने अपेक्षासमेत गरिएको उहाँले बताउनुभयो।

# कलेज जोगाउन माग गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ

भक्तपुर, (नेस)

भक्तपुरको चाँगुनारायणमा सञ्चालित नेपाल इन्जिनियरिङ कलेज जोगाउन माग गर्दै कलेजका शिक्षक, कर्मचारी एवं विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालय भक्तपुर घेराउ गरेका छन्। कलेज सञ्चालक समिति अध्यक्ष लम्बोदर न्यौपानेले करोडौं रूपियाँ भ्रष्टाचार गरेको र सामुदायिक संस्थाका रूपमा रहेको कलेजसमेत बिक्री गर्न लागेको भन्दै कलेज जोगाउन माग गर्दै उनीहरूले जिल्ला प्रशासन कार्यालय भक्तपुर घेराउ गरेका हुन्।

प्रशासन घेराउपछि भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेलाई ज्ञापनपत्र बुझाउँदै दुई अर्बभन्दा बढीको चलअचल सम्पत्ति हडप्ने अध्यक्ष लम्बोदरको प्रयासलाई असफल बनाउन, कलेज जोगाइदिन र लम्बोदरलाई कारबाही गर्न माग गर्दै उनीहरूले ज्ञापनपत्र बुझाएका हुन्।

शिक्षकका तर्फबाट सह-प्राध्यापक दुर्गाप्रसाद भण्डारी र कर्मचारीको तर्फबाट मनोहर खनालको हस्ताक्षर रहेको संयुक्त ज्ञापनपत्रमा कलेजको अवस्था बन्द हुने क्रममा पुगेको उल्लेख गरिएको छ।

वर्षौंदेखि लम्बोदर विरुद्ध आन्दोलन छेडेका शिक्षक, कर्मचारी र विद्यार्थीको माग र विगतका सहमतिलाई प्रमुख जिल्ला अधिकारीहरूले बेवास्ता गर्दै आएको र वर्तमान प्रजिअ भट्टले समेत बेवास्ता गरेको भन्दै लम्बोदरको प्रभावमा प्रजिअहरू पर्ने गरेको आन्दोलनरत समूहले आरोप लगाएका छन्।

सामाजिक संस्था ऐनअनुसार गैरनाफामूलक रूपमा सञ्चालनमा रहेको कलेज एक पक्ष सोही रूपमा र अर्को पक्षमा नाफा कमाउन निजीकरण गर्नुपर्नेमा रहेका छन्। ७ सदस्यीय सञ्चालक समितिमा ५ जना प्रालि बनाइ बेच्ने पक्षमा छन् सञ्चालक समितिका सदस्यहरू हरिप्रसाद पाण्डे र शलिल भट्टराई नाफा नलिने पक्षमा छन्।

# गृहमन्त्रीको नजर क्रसर किसानलाई भुक्तानी नदिने चिनी मिलमा



नेपाल समाचारपत्र

काठमाडौं

कृषकलाई उखुको रकम भुक्तानी नगर्ने चिनी उद्योग र मापदण्ड नपुगेका क्रसर उद्योगलाई कारबाही गरिने भएको छ।

गृह मन्त्रालयमा गृहमन्त्री रामबहादुर थापा र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृकाप्रसाद यादवसहितको बैठकले सो निर्णय गरेको हो।

बैठकले सुनसरी, सिराहा, सर्लाही, बारा, पर्सा, नवलपरासीलगायतका जिल्लाहरूमा उखुको रकम भुक्तानी नगरेको भनी उजुरी परेकोमा प्रमुख जिल्ला अधिकारीले उद्योगीहरूलाई बोलाइ छलफल गरी तत्काल कृषकको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ।

उद्योगीहरूले तत्काल कृषकको रकम दिन नमानेमा कानुनकमोजिम कारबाही गर्ने सम्बन्धमा रायसहित ७ दिनभित्र गृहमन्त्रालयमा सिफारिस गर्न प्रमुख जिल्ला अधिकारीहरूलाई बैठकले निर्देशन दिएको छ।

यसैगरी बैठकले जिल्लाभित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरूलाई सञ्चालन अनुमति दिने निकायहरू खानी विभाग, घरेलु तथा साना उद्योग कार्यालय, तत्कालीन जिल्ला विकास समिति, स्थानीय तहहरूले अनुमति दिएअनुसार क्रसरको प्रकृति, मापदण्ड पुगे नपुगेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरूले जिल्लास्थित कार्यालयहरूसँग समन्वय गरी ५ दिनभित्र सोको विवरण गृह मन्त्रालयमा पठाउने निर्णय गरेको छ।

## मोबाइल चोरी गर्ने पक्राउ

काठमाडौं, (नेस)

चावहिलस्थित चुच्चेपाटीमा हरेको भाटभटेनी सुपर मार्केटमा रहेको गोल्छा अर्गनाइजेसनले सञ्चालन गरेको हिम इलोक्टोनिक्सको सो रुम फुटाएर ८३ लाख बराबरको मोबाइल सेट चोरी गर्ने जितेन्द्र रौनियारलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले रौनियारको साथबाट २८ थान मोबाइल सेट बरामद गरेको छ।

# दुई प्रहरी प्रमुख अमेरिका प्रस्थान

काठमाडौं, (नेस)।

अमेरिकाको न्यूर्योकस्थित संयुक्त राष्ट्रसंघको प्रधानकार्यालयमा आयोजना हुने २ दिवसीय संयुक्त राष्ट्रसंघीय प्रहरी प्रमुखहरूको द्वितीय सम्मेलन २०१८ मा नेपालको तर्फबाट सहभागी हुन प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएको छ।

प्रहरी महानिरीक्षक खनाललाई प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखरेल, प्रहरी नायब महानिरीक्षकहरूलगायत वरिष्ठ प्रहरी अधिकृतहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरणमा शुभकामनासहित हार्दिक बिदाइ गर्नुभयो।



असार ६ गते शुरू भई ७ गते सम्पन्न हुने उक्त सम्मेलनमा विश्व शान्ति तथा सुरक्षामा देखिएका चुनौतीहरूको रोकथाममा सदस्य राष्ट्रहरूका प्रहरीहरू बीचमा सहकार्य वृद्धि गर्ने, राष्ट्रहरूबीच सुरक्षामा देखिने चुनौती तथा खतराविरुद्ध संयुक्त राष्ट्रसंघ तथा कानुन कार्यान्वयन गर्ने निकायबीच आपसी समन्वय तथा सहयोग बढाउने, संयुक्त राष्ट्रसंघीय मिसनमा खटिई हासिल गरेका ज्ञान तथा सीपलाई आफ्नो कार्यक्षेत्रमा सर्वोत्तम उपयोग गर्ने र प्रहरीको क्षमता तथा योग्यता वृद्धि गरी थप प्रभावकारिता ल्याउनेलगायतका विषयमा विस्तृत छलफल हुनेछ।

साथै भविष्यमा अन्तरदेशीय सूचना सञ्जालका लागि साझा मञ्च स्थापना गर्ने विषय पनि छलफलको एजेन्डा रहेको छ।

यसैबीच सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको प्रधानकार्यालयमा हुने दोस्रो युनाइटेड नेसन्स चिफ अफ पुलिस समिटमा सहभागी हुन आज त्यसतर्फ प्रस्थान गर्नुभयो। उहाँका साथ सशस्त्र प्रहरी निरीक्षक नारायण गुरुङसमेत त्यसतर्फ जानुभएको छ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रिय आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
जिल्ला आयोजना कार्यान्वयन इकाई
विदुर, नुवाकोट

बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति: २०७५/०३/०५

उपर्युक्त विषयमा यस कार्यालयको मिति २०७४/११/३० गते आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार भुकम्पीय आपतकालिन सहायता आयोजना कार्यक्रम अन्तर्गत गेर्खुटार-चोकदे सडक (०+०००देखि १३+७००) सम्मको सडकको स्तरोन्नति गर्ने कार्यको लागि दर्ता हुन आएको बोलपत्रदाताहरू मध्ये मिति २०७५/०३/०४ गतेको निर्णयानुसार तपसिल बमोजिमको बोलपत्र "न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही" बोलपत्र ठहरिएको पाईयो । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १ बमोजिम छनौट गरिएकोले सोही ऐनको दफा २७ को १ र २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-


| सि.नं. | ठेक्का नं.कामको विवरण | बोलपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अङ्क (भ्याट सहित) |
|---|---|---|---|
| १. | EEAP / Nuk /W/PDRF/01/ 074/075 गेर्खुटार-चोकदे सडकको कार्य (०+०००देखि १३+७००) | HIMDUNG & THOKAR Construction, Kathmandu | रु.२६,४५,०२,२५३।८९ |

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्यसिद्धि हुने, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ हुनेछ।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**मिथुन** : द्रव्यलाभ हुने, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कर्कट** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक लगानी।
**सिंह** : धनप्राप्ति, उपहार, पुरस्कार प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसँग विवाद, दुर्घटनाको सम्भावना छ।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि हुनेछ।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।
**कुम्भ** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलताको योग।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।